कृषि तथा वन विज्ञान विश्वविद्यालय
# कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन : ०५६-५९२४३६/५९२४१२/५९१०२१/
५९२४४८/ ०१-४४७८४४८

मिति: २०७३/०६/०५

## कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना फारम Online भर्ने सम्वन्धी सूचना

शैक्षिक सत्र २०७३/०७४ का लागि यस संकाय अन्तर्गत कृषि स्नातक **(B.Sc.Ag.)** तहको शैक्षिक कार्यक्रममा, कृषि संकाय रामपुर र प्राकृतिक स्रोत तथा व्यवस्थापन कलेज पुरुनचौर, कास्कीमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले **Online** आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, विभिन्न कोटाहरु, बैंक भौचरको प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति **Scanning** गरी संलग्न गर्नु पर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता :** एस. एल. सी. वा सो सरहको परीक्षा उर्त्तीण भई आई.एस्सी (विज्ञान/कृषि), १०+२ विज्ञान/कृषि वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% अङ्क प्राप्त गरि उर्त्तीण भएको हुनुपर्नेछ । यदि उक्त योग्यता नभई आवेदन फारम भरेमा सो निवेदक अयोग्य ठहरिई प्रवेश परीक्षा दिनबाट वञ्चित हुनेछ ।

२) आवेदन फारम र प्रवेश परीक्षाको जम्मा शुल्क रु. २५००।- एक कलेजको लागि वा रु. ३,०००।- दुवै कलेजको लागि प्रभु बैंक लिमिटेड, नारायणगढको कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनको नाममा रहेको **Call Deposit** नं. ०१७११६००६९२७६३००००01 मा रकम जम्मा गर्नुपर्नेछ ।

३) **आवेदन फारम भर्ने अवधिः** मिति २०७३ असोज ५ गते देखि २०७३ कार्तिक ८ गते कार्यालय समय भित्र यस विश्वविद्यालयको वेभसाइट **www.afu.edu.np** बाट **Online** आवेदन फारम भर्न सकिनेछ ।

४) संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर समेत अनिवार्य रुपमा **Online Application** को साथमा बुझाउनु पर्नेछ । **Online Application** बाहेक अन्य माध्यमबाट पठाएको आवेदन फारम उपर कुनै कारर्वाही गरिने छैन । साथै कुनै कारणवस कुनै कागजपत्र अपुग भएमा बैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन् ।

५) **प्रवेश परीक्षा हुने मिति र स्थानः**

२०७३ कार्तिक २७ गते शनिबार विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

६) **प्रवेश पत्र वितरण मिति र स्थानः**

२०७३ कार्तिक २७ बिहान ७:०० बजे देखि १०:०० बजेसम्म । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

७) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ८०% प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तिर्णाङ्क ५०% हुनेछ ।

८) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न बिषयहरुमा कुल ८० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम **(Multiple Choice Objective Type)** को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टाको हुनेछ ।

क) अग्रेजी-१२ ख) केमेष्ट्री-१२ ग) फिजिक्स-१२ घ) बोटानी-१२
ङ) जुलोजी-१२ च) गणित-१२ र छ) सामान्य ज्ञान र कृषि-८

९) पाँच विकास क्षेत्र, दलित, जनजाती, मधेसी, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, छात्रा, स्टाफ र **UDF/CDF** कोटाका विद्यार्थीहरुको लागि केही सिट छुट्याइएको छ । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तिण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना पाउन ईच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उर्त्तिण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पत्र पेश गर्नुपर्नेछ । क्षेत्रिय कोटा अर्न्तगत पढ्नको लागि स्थायी ठेगाना र अध्ययन गरेको सामुदायिक विद्यालय एकै क्षेत्र अन्तरगतको हुनु पर्नेछ । अन्यथा त्यस्ता निवेदन उपर कुनै कार्वाही हुने छैन । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तिण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइनेछ । छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनुपर्नेछ । आपाङ्ग कोटा वाहेक अन्य कोटाका लागि भर्ना पाउन इच्छुक भई आवेदन दिने आवेदकहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ । साथै अपाङ्ग कोटाको लागि वर्ग र योग्यतााक्रमको आधारमा भर्ना लिईनेछ ।

तपशिलः

क) क्षेत्रिय कोटाः सम्वन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय ।
ख) दलित कोटाः राष्ट्रिय दलित आयोग ।
ग) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।
घ) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।
ङ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय ।
च) शहिद परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
छ) द्वन्द पिडित परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
ज) स्टाफकोटाः सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

१०) वि.एस्सी.एजी. **(B.Sc.Ag.)** रामपुरको लागि १६५ र पुरुनचौरको लागि ५० जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट **MOU** भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । मेरिट कोटाको भर्ना सकिए पछि अन्य कोटाहरुको भर्ना सूचि प्रकाशित गरिने छ । स्थान रिक्त भएमा, प्रत्येक कोटाको लागि ३ (तीन) पटक सम्म नामावाली प्रकाशन गरिनेछ यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावालीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई **UDF/CDF** कोटामा समावेश गरि भर्ना लिइनेछ ।

कोटा विवरण:

| क.सं. | विवरण | रामपुर | पुरुनचौर |
|---|---|---|---|
| १ | मेरीट | ६९ | २१ |
| २ | विकास क्षेत्र | २० | ५ |
| ३ | दलित | ५ | १ |
| ४ | जनजाती | ५ | १ |
| ५ | मधेशी | ५ | १ |
| ६ | अपाङ्ग | २ | १ |
| ७ | शहिद परिवार | १ | १ |
| ८ | द्वन्द पिडित | २ | १ |
| ९ | छात्रा | ८ | ३ |
| १० | स्टाफ कोटा सहुलियत | ४ | १ |
| ११ | स्टाफ पूर्ण शुल्क | २ | १ |
| १२ | पूर्ण शुल्क **UDF/CDF** | ४२ | १३ |
| | **जम्मा** | **१६५** | **५०** |

११) आवेदन फारम भर्दा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी बुझाउनु पर्नेछ ।
- क) आवेदन फारम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति र यसको साथमा बैंक भौचर
- ख) नेपाली नागरिकताको प्रमाणपत्र
- ग) एस.एल.सी. परीक्षाको मार्कसिट
- घ) प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट
- ङ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाण पत्र
- च) प्रमाणपत्र तहको चारित्रिक प्रमाण पत्र
- छ) प्रमाणपत्र तहको **Provisional Certificate**
- ज) समानस्तर निर्धारणको प्रमाण
- झ) सम्वन्धित कोटामा भर्ना हुन पाऊ भन्ने निवेदन र सम्वन्धित निकायले सिफारिस गरेको सक्कल सिफारिस पत्र

१२) भर्ना हुन आउदा माथि उल्लेखित सम्पूर्ण प्रमाणपत्रहरुका प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु र बुझाउनु पर्नेछ र उक्त प्रमाणपत्रहरु यस संकायमा प्रथम सत्रान्तको अवधिभर राखिनेछ । उक्त अवधिभित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरि सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । यदि माथि उल्लेखित कागजपत्रहरु मध्ये कुनै अपुग भएमा उक्त विद्यार्थीको भर्ना लिइने छैन ।

१३) **UDF/CDF** मा भर्ना हुने विद्यार्थीहरुको लागि भर्ना शुल्क रु. २,००,०००।- (दुई लाख) कायम गरिएको छ । उक्त शुल्क मध्येको प्रथम किस्ता शुल्क रु. १,००,०००।- बुझाई प्रथम सत्रमा भर्ना हुनु पर्नेछ र दोस्रो किस्ता रु. १,००,०००।- तेस्रो सत्रको भर्ना समयमा बुझाई सक्नुपर्नेछ ।

१४) अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता **(AFU Registration)** गर्ने समयमा **Migration Certificate** को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त **Migration Certificate** नवुझाई **AFU Registration** गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१५) प्रवेशपत्र लिन आउदा **Confirmation Page**, बैंक भौचर र नागरिकताको सक्कल प्रमाणपत्र लिई आउनु पर्नेछ ।

१६) २०७३ कार्तिक २८ गते बाट भर्ना पक्रिया शुरु हुनेछ ।

डीन
कृषि संकाय